कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्ड ९ संख्याः २ मितिः २०८३।०४।२७

भाग — २

कलैया उपमहानगरपालिका

बारा, मधेश प्रदेश, नेपाल

## कलैया उपमहानगरपालिका सिद्धेश्वर मन्दिर संरक्षण कार्यविधि, २०८३

प्रस्तावनाः- कलैया उपमहानगरपालिका वडा नं. ०३ सिद्धेश्वर टोल, बारामा रहेको सिद्धेश्वर मन्दिर एवं मन्दिरको स्वामित्वमा रहेको सम्पत्तिको रेखदेख, संरक्षण, संवर्द्धन एवं उपयोग र प्रभावकारी परिचालन गर्दै स्थानीय धार्मिक सास्कृतिक सम्पदाको संवर्द्धन र प्रवर्द्धन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ।

१ नगर कार्यपालिकामा प्रस्तुत मितिः २०८३।०४।२७ नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८३।०४।२७

CamScanner

## परिच्छेद एक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधिको नाम "सिद्धेश्वर मन्दिर संरक्षण कार्यविधि, २०८३" रहेको छ।

ख. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

ख) “ नगरपालिका” भन्नाले कलैया उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

ग) “ सिद्धेश्वर मन्दिर संरक्षण समिति” भन्नाले यस कार्यविधि बमोजिम सिद्धेश्वर मन्दिरको रेखदेख र संचालनका लागि गठन भएको समितिलाई सम्झनु पर्छ ।

घ) “ नगर सभा” भन्नाले कलैयां उपमहानगरपालिकाको सभा सम्झनु पर्छ ।

ङ) “मन्त्रालय” भन्नाले संघ वा प्रदेश सरकारले स्थानीय तह हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

## परिच्छेद दुई

३. उद्देश्यः यस कार्यविधिका उद्देश्यहरू निम्न लिखित रहेका छन् ।

क) सिद्धेश्वर मन्दिरको रेखदेख र नियमित पूजा पाठको व्यवस्था मिलाउनु,

ख) सिद्धेश्वर मन्दिरको सम्पत्तिहंरूको संरक्षण गर्नु,

ग) सिद्धेश्वर मन्दिरको पूजापाठ, धार्मिक कार्य सार्वजनिक हितमा उपयोग गर्नु,

घ) सिद्धेश्वर मन्दिर संरक्षण, सञ्चालन तथा व्यवस्थापनमा कलैया उपमहानगरपालिका, निजी क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि गर्नु ।

४. मन्दिर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः

मन्दिर र मन्दिरको सम्पत्तिको रेखदेख र संरक्षण गर्ने निम्नानुसारको एक समिति रहने छ।



CamScanner

क) संरक्षकः नगर प्रमुख

ख) संयोजकः हिन्दु धर्म मान्ने समाजसेवी मध्येबाट नगर प्रमुखले मनोनयन गरेका व्यक्ति

ग) सचिवः प्रधानध्यापक, सिद्धेश्वर संस्कृत मा.वि.[redacted]

घ) सदस्यः वडा नं. ३ को वडा अध्यक्ष (पदेन)

ङ) सदस्यः वडा नं. ३ को सिमाना सँग जोडिएका वडा नं. १ का वडा अध्यक्ष (पदेन)

च) सदस्यः लेखापाल, सिद्धेश्वर संस्कृत मा.वि.[redacted]

छ) सदस्यः सिद्धेश्वर मन्दिर विकासमा योगदान पुर्याएका मध्ये एक जना महिला सहित वडा नं. ३ का वडा अध्यक्षको सिफारिसमा संरक्षकले मनोनयन गरेका व्यक्ति — ३ जना

ज) सदस्यः सिद्धेश्वर मन्दिरको पूजारी

५. सदस्यहरूको पदावधिः

क) मनोनित सदस्यहरूको पदावधि ५ वर्षको हुनेछ।

६. समितिको काम, कर्तव्य र अधिकारः

क) सिद्धेश्वर मन्दिरको रेखदेख र नियमित पूजा पाठको व्यवस्था मिलाउनु।

ख) सिद्धेश्वर मन्दिरको सम्पत्तिहरूको संरक्षण गर्नु ।

ग) सिद्धेश्वर मन्दिरको पूजापाठ, धार्मिक कार्य सार्वजनिक हितमा उपयोग गर्नु ।

घ) सिद्धेश्वर मन्दिर संरक्षण, सञ्चालन तथा व्यवस्थापनमा कलैया उपमहानगरपालिका, निजी क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि गर्नु ।

ङ) नियमित पूजापाठको व्यवस्था मिलाउनु ।

च) मन्दिरको सम्पत्तिको रेखदेख र संरक्षण गर्नु ।

छ) मन्दिरको विकासको लागि परिषर भित्र योजना निर्माण कार्य तथा भौतिक पूर्वाधार कार्यको व्यवस्थापन गर्नु आदि ।



CS CamScanner

परिच्छेद तिन

७. समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. <u>संरक्षकः</u>

१) सिद्धेश्वर मन्दिरको संरक्षण तथा व्यवस्थापन र विकासको लागि समिति र पदाधिकारीलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन दिने।

२) मन्दिरको रेखदेख र संरक्षणमा प्रमुख भूमिका निर्वाह गर्ने ।

ख. <u>संयोजकः</u>

१) बैठकको अध्यक्षता गर्ने ।

२) समितिको निर्णय कार्यान्वयन गर्ने ।

३) नियमित पूजापाठको व्यवस्था मिलाउने ।

४) योजना निर्माणमा समितिलाई मद्दत गर्ने, योजना र कार्यक्रमको कार्यान्वयन गर्ने।

५) मन्दिर तथा मन्दिरको सम्पत्तिको रेखदेख र संरक्षण गर्ने ।

६) प्रत्येक चौमासिकमा कम्तीमा एक पटक हुने गरी प्रत्येक आ.व. मा कम्तिमा तिन पटक बैठक आयोजना गर्ने।

ग. <u>सचिवः</u>

१) बैठकको माईन्यूट तयार गर्ने ।

२) संयोजकको निर्देशनमा बैठक बोलाउने ।

३) माईन्यूट र अन्य कागजातहरू सुरक्षित साथ राख्ने ।

घ. <u>सदस्यहरूः</u>

१) मन्दिरको विकासमा लागि योजना निर्माणमा समितिलाई आवश्यक सल्लाह, सुझाव प्रदान गर्ने ।

२) मन्दिरको सम्पत्तिको रेखदेख र संरक्षण गर्ने ।



CamScanner

परिच्छेद चार

**८. जनशक्ति व्यवस्थापनः**

क) समितिले निर्णय गरी मन्दिरको नियमित पूजापाठको लागि एक जना पूजारी नियुक्त गर्न सक्ने छ । पहिले देखी पूजापाठ गर्दै आएका पूजारीलाई विशेष ग्राहयता दिई निरन्तर पूजापाठमा सहयोग पुर्याउन सकिने छ।

ख) पूजारीले नियमित पूजापाठको व्यवस्था मिलाउनु पर्नेछ ।

ग) गर्मी यामको समयमा विहान ५ बजे र बेलुका ७:३० बजे (फागुन देखी कार्तिक महिनामा) र जाडो यामको समयमा विहान ६ बजे र बेलुका ५ बजे (मंसिर देखि माघ महिनामा) आरतीको समय हुनेछ।

घ) पूजारी लगायत मन्दिर व्यवस्थापन गर्ने नियूक्त कर्मचारीले मन्दिरको विकास लगायत विविध कार्यमा समिति एवं पदाधिकारीहरूलाई सहयोग गर्नु पर्नेछ ।

ङ) सिद्धेश्वर मन्दिर परिषर भित्र तथा वाहिर लगायएका वगैचा, फलफुल, गौशाला, यज्ञशाला, पोखरी, विवाहमण्डप आदि सम्पूर्णको व्यवस्थापन गर्ने ।

**९. थप घट र हेरफेरः**

यस कार्यविधिका कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा बाधा अडचन फुकाउने प्रयोजनका लागि समितिको राय, सल्लाह, सुझावमा नगरपालिकाले आवश्यक्ता अनुसार थप घट, संशोधन र हेरफेर गर्न सक्नेछ।

**१०. बाधा अडकाउ फुकाउः**

[illegible]ार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सो को नगरपालिकाले बाधा [illegible]उ फुकाउने छ।

आज्ञाले

रेशम लाल कँडेल

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०८३/०४/२८

५ नगर कार्यपालिकामा प्रस्तुत मितिः २०८३।०४।२७ नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८३।०४।२७